त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

**कीर्तिपुर, काठमाडौं**

प.सं./च.नं.

## कृषि/वागवानी (B.Sc.Ag./Hort.) स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०१/२६**

शैक्षिक वर्ष २०७८/०७९ को लागि यस अध्ययन संस्थान अन्तर्गत कृषि/वागवानी (B.Sc.Ag./Hort.) विज्ञान विषय सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/संस्थानमा हुने भर्ना प्रक्रिया मिति २०७९/०१/०३ गतेको सूचनाद्धारा स्थगित गरिएकोमा मिति २०७९/०१/२६ गतेको भर्ना समितिको निर्णय वमोजिम तपशिल अनुसार हुने व्यहोरा सम्बन्धित सबैमा जनाकारी गरिन्छ ।

१. **मेरीट क्रमाङ्क र भर्नाको लागि निर्धारित संख्याः** मेरिट क्रमाङ्क रहेका विद्यार्थीहरुलाई तालिका १ मा भए अनुसार कोटाहरुमा भर्ना गरिनेछ ।

**तालिका नं.१ः भर्नाको लागि निर्धारित कोटा/संख्या सम्बन्धी विवरण**

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवानी | | | | | |
|---|---|---|---|---|---|---|
| | लमजुङ | पक्लिहवा | रामपुर | गौरादह | नेपाली सेना | जम्मा |
| **मेरिट कोटा** | २७ | २७ | २६ | २६+१* | १३ | **१२०** |
| **छात्रा कोटा** | | | | | | |
| खला | १ | १ | २ | २ | १ | **७** |
| दलीत | | | | | १ | **१** |
| मस्लीम | १ | - | - | - | - | **१** |
| **आदिवासी-जनजाती कोटा** | १ | २ | २ | १ | १ | **७** |
| **मधेसी कोटा** | | | | | | |
| खला | १ | १ | १ | १ | १ | **५** |
| दलित | - | - | - | १ | - | **१** |
| **दलित कोटा** | १ | १ | १ | १ | - | **४** |
| **अपाङ्ग कोटा** | १ | १ | १ | - | - | **३** |
| **मश्लीम कोटा** | १ | १ | - | १ | - | **३** |
| **थारु कोटा** | १ | १ | १ | १ | १ | **५** |
| **दर्गम जिल्ला कोटा** | १ | १ | १ | - | - | **३** |
| **अन्य कोटा** | १ | १ | १ | १ | - | **४** |
| अ.सं. विकास शल्क | १३ | १३ | १४ | १४ | ६ | **६०** |
| **जम्मा** | **५०** | **५०** | **५०** | **५०** | **२४** | **२२४** |

**स्टाफ कोटा**

| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
|---|---|---|---|
| सहलियत शल्क | १ | २ | ३ |
| पर्ण शल्क | १ | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | ४ | ६ |

*** अपाङ्ग कोटामा आवश्यक संख्यामा परीक्षार्थी उतिर्ण नभएकाले रिक्त हुन आएको १ (एक) अपाङ्ग कोटालाई गौरादह कृषि क्याम्पसको मेरिट कोटामा समावेश गरिएको ।**

२. **भर्ना विधि :** शैक्षिक वर्ष २०७८/०७९ को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक क्याम्पस तथा संस्थानको मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क (IDF) कोटामा विद्यार्थी भर्ना काउन्सेलिङ विधिबाट गरिनेछ । तालिका नं. १ मा तोकिएको संख्या पुरा नभएसम्म रोजेको क्याम्पसमा भर्ना हुन एकै दिनमा छनौटको अवसर दिइनेछ । काउन्सेलिङको लागि तोकिएको मिति र समयमा उपस्थित हुन नसक्नेको हकमा अर्को काउन्सेलिङमा रिक्त रहेका कोटाहरुको लागि उपस्थित हुन सक्नेछन ।

त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**तालिका नं.२ : भर्ना मिति र समय**

| मिति | काउन्सेलिङको लागि आइपुग्नु पर्ने समय | काउन्सेलिङ समय | उपस्थिति हुनुपर्ने मेरिट क्रम |
|---|---|---|---|
| २०७९ जेठ ४ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नं. ००१ देखि १२० |
| २०७९ जेठ ५ गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | मेरिट नं. १२१ देखि २२४ |
| २०७९ जेठ १० गते | विहान ११:०० बजेभित्र | ११:३० बजेदेखि | जेठ ५ गतेसम्मको भर्नामा रिक्त हुन आउने सिट संख्याको आधारमा मिति २०७९/०२/०५ गते सूचना गरिनेछ । |
| मिति २०७९/०२/१० गतेको काउन्सेलिङमा पनि तालिका नं. १ मा तोकिएको सिट संख्या पुरा नभएमा अर्को काउन्सेलिङको लागि मिति २०७९/०२/११ गतेभित्र सूचना प्रकाशित गरिनेछ । | | | |

**३. भर्ना शुल्क र *Migration* सम्वन्धमा:** भर्ना शुल्क काउन्सेलिङको दिनमा नेपाल बैंक लि., कीर्तिपुरमा यस अध्ययन संस्थानको "कृ.प.वि.अ.सं डीनको कार्यलय" नाममा रहेको खाता नं. "०४५११६००१०४०१९००००३" (**"IAAS Dean's Office"**, A/C no. "**04511600104019000003**") मा रु. ७,१००।- (सात हजार एक सय मात्र) जम्मा गरी सोको सक्कल भाउचर बुझाउनु पर्नेछ । IDF कोटामा भर्ना हुन IDF कुल शुल्क रु. २,५०,००० (दुई लाख पचास हजार मात्र) मध्ये प्रथम किस्ताको रकम रु. १,५०,००० (एक लाख पचास हजार मात्र) भर्नाको दिनमा बुझाउनु पर्नेछ ।

पहिलो काउन्सेलिङको भर्नाको दिनमा Migration र IDF शुल्क बुझाउन नसकेकाको हकमा मिति २०७९/०२/०९ गते ४ बजेभित्र बुझाउनु पर्नेछ । दोस्रो काउन्सेलिङमा भर्ना हुनेले पनी मिति २०७९/०२/१३ गते सम्म तोकिएको कागजात र शुल्क वुझाउनु पर्नेछ । तोकिएको समयमा कागजात र शुल्क नबुझाएमा उक्त कोटाहरु रिक्त हुनका साथै भर्नाको लागि बुझाएको रकम फिर्ता हुने छैन ।

**४. स्टाफ कोटामा भर्ना :** स्टाफ कोटाको लागि मिति २०७९/०२/०६ गते देखि मिति २०७९/०२/११ गतेसम्म अध्ययन संस्थानले तोकेको ढाँचामा फाराम भरी कार्यलय समयभित्र बुझाउनु पर्नेछ । स्टाफ कोटाको लागि भर्ना तालिका मिति २०७९/०२/१२ गते पछि प्रकाशित गरिनेछ ।

**५. भर्नाको समयमा पेश गर्नु पर्ने सक्कल कागजातहरु:**

क. रकम जम्मा गरेको बैंक भाउचर ।

ख. नेपाली नागरिकताको प्रमाणपत्र ।

ग. एस.एल.सी. वा एस.इ.इ. को लब्धाङ्कपत्र (Transcript) ।

घ. १०+२ वा प्रमाणपत्र तहको लब्धाङ्कपत्र (Transcript) र प्रमाणपत्र (चारित्रिक वा मुल प्रमाणपत्र) । १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को Transcript मात्र भएको खण्डमा कक्षा ११ को Marksheet पनि पेश गर्नु पर्नेछ ।

ङ. १०+२ वा सो सरहको स्थानान्तरण प्रमाणपत्र (Migration) वा TU registration Card । स्थानान्तरण प्रमाणपत्र त्रि.वि. का आंगिक क्याम्पसमा वुझाइ सकेको भए सो क्याम्पसवाट स्थानान्तरण प्रमाणपत्र वुझि लिएको सक्कल पत्र ।

च. नेपाल बाहिरको शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गर्नेको हकमा समकक्षता (Equivalence) प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

छ. आरक्षित कोटामा भर्ना हुन मुल सूचना अनुसारको निकायबाट जारी भएका आइडी कार्ड वा आवेदन फाराम भर्दा संलग्न गरेका सिफारिस पत्र ।

***द्रष्टव्य:*** *विद्यार्थी स्वयं आफु आउन नसक्ने अवस्थामा नागरिकताबाट नाता खुलेको ब्यक्तिले प्रमाण पेश गरी भर्ना गर्न सकिनेछ ।*

**६. रिक्त कोटामा भर्ना सम्वन्धमा :** नियमित भर्ना प्रक्रियाको अन्तिम दिनसम्ममा रिक्त (स्वेच्छिक वा तोकिएको समयमा कागजात/शुल्क नबुझाएको कारणले) भएका कोटाहरु स्वत IDF कोटा हुनेछन । उक्त रिक्त कोटाहरुमा भर्ना हुनका लागि २ दिनको समय दिइ आवेदन माग गरिनेछ । आवेदकहरुमध्येबाट मेरिट क्रमको आधारमा क्याम्पस चयनको अवसर दिइनेछ । यस्ता कोटाहरुमा सम्बन्धित क्याम्पसको IDF कोटामा भर्ना भएको अन्तिम मेरिट क्रमाङ्क भन्दा पछाडीको भर्ना नभएका विद्यार्थीहरुले मेरिट क्रम अनुसार अवसर पाउनेछन ।

त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञान अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

७. **एनेक्स (ANNEX) कोटाको भर्ना :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क (IDF) कोटाको भर्ना सकिएपछि मात्र आंगिक क्याम्पसहरुमा ANNEX कोटामा भर्ना गर्न सम्वन्धित क्याम्पसवाट सुचना प्रकाशित हुनेछ। आंगिक क्याम्पसहरुमा स्थानीय कोटा ३ गरी जम्मा ५३ जनासम्म ANNEX कोटामा मेरीटका आधारमा भर्ना गरिनेछ।

८. **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा :** मेरिट खुला, मेरिट आरक्षण र अध्ययन संस्थान विकास शुल्क कोटाको भर्ना सकिएपछि त्रि.वि.बाट सम्वन्धन प्राप्त क्याम्पसहरुमा स्वीकृत कोटामा डीन कार्यालयले तोकेको प्रतिनिधिको निगरानिमा मेरिट सूचीको आधारमा भर्ना प्रकृया संचालन हुनेछ। सो सम्वन्धि सूचना सम्वन्धित क्याम्पसवाटनै प्रकाशित हुनेछ। शिक्षा मन्त्रालय, नेपाल सरकारले तोकेको १०% छात्रावृति कोटा निर्धारित कोटा भित्र समावेश हुनेछ। भर्ना प्रकृयाका सबै सूचना तथा मेरिटमा भर्ना गरिएका विद्यार्थीहरुको नामावलि अनिबार्य रुपमा एक महिना भित्रमा संबन्धन प्राप्त क्याम्पस/कलेजहरुले शैक्षिक प्रशासन, डीनको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ।

९. भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ

............................
डा.किशोर चन्द्र दाहाल
सहायक डीन एंव
संयोजक भर्ना समिति